annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ५९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १४ असार २०८१ | आषाढ कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४४ | FRIDAY, JUNE 28, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अटेरी स्थानीय तहहरू, जसले बजेटै ल्याएनन्

ऐनहरूले असार १० गते स्थानीय तहले बजेट ल्याउनै पर्ने बाध्यात्मक व्यवस्था गरेका छन् । तर, तोकिएको दिनमा ठूलो संख्यामा स्थानीय तहले बजेट ल्याएनन् । कतिपयले अझै नीति तथा कार्यक्रमसम्म ल्याएका छैनन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइटअनुसार ४६ प्रतिशत अर्थात् ३४७ वटा स्थानीय तहले मात्रै बजेट प्रस्तुत गरे । ७५३ मध्ये ५४ प्रतिशत अर्थात् ४०६ वटा स्थानीय तहले तोकिएको दिन बजेट ल्याउन सकेन् ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



**अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४**

२१ (३). गाउँ कार्यपालिका र नगरपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेस गर्नुपर्ने छ ।

**स्थानीय शासन सञ्चालन ऐन, २०७४**

७१ (१). उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले ताकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नु गर्नेछ ।

**समयमै बजेट नआउनुका कारणहरू**

१. बजेट विनियोजनमा विवाद
२. प्रमुख उपप्रमुख नभएको अवस्था
३. प्रमुख प्रशासकीय अधिकृत सरुवा
४. निमित्त प्रमुख प्रशाकीय अधिकृतले चलाउनुपर्ने अवस्था
५. कार्यपालिका एउटा दल बहुमत, प्रमुख अर्कै दलको
६. सबै वडा अध्यक्ष बजेट विनियोजनमा सहमति हुन नसक्नु
७. प्रमुख र उपप्रमुखबीच द्वन्द्व
८. प्रमुख अस्वस्थ्य भई बाहिर रहनु
९. तयारी गर्न समय नपुगेको
१०. प्रमुख उपप्रमुख दुवैलाई भ्रष्टाचार मुद्दा
११. गणपुरक सख्या नपुगेर
१२. समानीकरण अनुदान कटौती

## ...अनि आएछ ४ जीपीए



दिपसना चौधरी

इजलास

मैले ए लेबल पढ्न सुरु गरिसकेको थिएँ। बिहीबार पनि सधैं झैं कक्षा चलिरहेको थियो। कक्षामा एसईईको नतिजा प्रकाशन भएको खबर आयो। म कम्प्युटर ल्याबमा गएँ र चेक गरेँ। ४ जीपीए आएछ। सुरुमा त विश्वासै लागेन। साथीहरूले पनि हो भनेपछि बल्ल ढुक्क भएँ। मेरो नतिजा राम्रै आउँछ भन्नेमा विश्वस्त थिएँ। नयाँ ग्रेडिङ सिस्टमले गर्दा लिखितमै ए प्लस आउनुपर्ने भएकाले ४ जीपीए नै आउँला भन्ने लागेको थिएन। सामाजिक अध्ययन नेपाली भाषामा दिनुपर्ने भएकाले यसले असर गर्ला कि भन्ने डर थियो। तर, नतिजा सोचेभन्दा राम्रो आयो। धेरै खुसी छु।

मलाई कतिखेर यो खबर घरमा सुनाउ जस्तो भएको थियो। तर, ममीले पहिले थाहा पाइसक्नुभएको रहेछ। उहाँ त मलाई बधाई दिन भनेर कलेज छुट्टी भएपछि गेटमा कुरेर बस्नुभएको रहेछ। ममीबाबाले ममाथि गर्व गर्न पाउनु हुँदा मलाई सबैभन्दा बढी आनन्द लाग्यो।

सबै विद्यार्थीको आआफ्नै क्षमता हुन्छ। कसैलाई १० घण्टा त कसैलाई त्यही कुरा ३ घण्टा पढे पुग्छ। एसईईमा राम्रो नतिजा ल्याउन कक्षा १० मा पुगेदेखि नै मेहेनत गर्ने बानी बसाल्नुपर्छ। मैले कक्षामा पढाएको विषयको कन्सेप्ट बुझेर घरमा आएर रिभिजन गर्थे।

प्रत्येक दिन कम्तीमा २ घण्टा पढाइलाई छुट्ट्याउँथे। विद्यालयमा पनि हामी सबैलाई अतिरिक्त कक्षामार्फत नबुझेको विषय बुझाइन्थ्यो।

मेरो पढाइमा गुरु र गुरुआमाको साथै अभिभावकको पनि ठूलो साथ रह्यो। म राति अबेरसम्म बस्दा उहाँहरू नसुति बस्नुहुन्थ्यो। म बिहान सबेरै उठेर पढ्न थाले, उहाँहरू पनि बिहानै उठ्नुहुन्थ्यो। साथीहरूले पनि तिमी ४ जीपीएको क्यान्डिडेट हौंभन्दा मलाई ठूलो हौसला मिल्यो। मलाई विदेशमा डाक्टर पढेर, नेपालमै फर्की सबैको सेवा गर्ने रहर छ।

*(चौधरी काठमाडौं प्रज्ञा कुञ्ज स्कुल, नयाँ बानेश्वरकी छात्रा हुन् ।)*

# एसईईमा ५२.१४% फेल, धेरै खस्कियो स्तर

ममता थापा | *काठमाडौं*

| | |
|---|---|
| १.६ देखि <२.० | ६ |
| २.० देखि <२.४ | २,९५० |
| २.४ देखि <२.८ | ४१,१७७ |
| २.८ देखि <३.२ | ७८,८७४ |
| ३.२ देखि <३.६ | ६८,२५६ |
| ३.६ देखि <४.० | ३१,२०९ |
| ननग्रेडिङ | २,४२,३१३ |

- ९ वर्षपछि पास/फेल सम्बोधन गरी किन निकालियो नतिजा ?
- ११ कक्षामा भर्ना हुन योग्य २ लाख २२ हजार ४ सय ७२
- भर्ना हुन योग्य ४७.८६ प्रतिशत, ननग्रेडिङ ५२.१४ प्रतिशत

शैक्षिक वर्ष ०८० को माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा स्तरीकृत अंक (जीपीए)को आधारमा विगतभन्दा खस्किएको छ। ११ कक्षामा भर्ना हुन योग्य विद्यार्थीको तुलनामा कक्षा चढ्नै नसक्ने अर्थात् नन ग्रेडिङ विद्यार्थीको संख्या आधाभन्दा बढी छ। राष्ट्रिय परीक्षा बोर्डले एसईई परीक्षाको नतिजा बिहीबार सार्वजनिक गरेको हो।

गत चैतमा सञ्चालित एसईई परीक्षामा देशभरबाट ४ लाख ६४ हजार ७ सय ६५ विद्यार्थी सहभागी थिए। तीमध्ये २ लाख २२ हजार ४ सय ७२ जना मात्रै कक्षा ११ मा भर्ना हुन योग्य भएका छन्। यो कुल विद्यार्थीको ४७.८६ प्रतिशत मात्रै हो। कुल विद्यार्थीमध्ये ननग्रेडिङ (एनजी) मा २ लाख ४२ हजार २ सय ९८ विद्यार्थी परेका छन्। यो कुल परीक्षार्थीको ५२.१४ प्रतिशत हो। यस्तो नतिजा २०७१ सालतिर हुन्थ्यो। परीक्षामा २ लाख ३३ हजार २ सय ७० जना छात्रा र २ लाख ३१ हजार ५ सय ३ छात्र सहभागी थिए।

दुई विषयमा कम जीपीए ल्याउनेले ग्रेडवृद्धिको मौका परीक्षा दिन पाउने छन्। मौका परीक्षा आगामी साउन १८ र १९ गते गर्ने बोर्डले तय गरेको छ। २ विषयमा १ लाख १५ हजार ८ सय ३४ जना एनजीमा परेका छन्। परीक्षार्थीले १ महिनाभित्रै नतिजा थाहा पाउने गरी सार्वजनिक गरिने तयारी रहेकाले एनजीबाट ग्रेडवृद्धि गर्नेले भने सोही शैक्षिक सत्रबाटै ११ कक्षामा भर्ना हुन पाउने छन्। तर, ननग्रेडिङमा परेका १ लाख २६ हजार ४ सय ७९ विद्यार्थीले अर्को वर्ष (आगामी चैत) को परीक्षा कुर्नुपर्ने छ।

प्रत्येक विषयमा सैद्धान्तिक (लिखित) तर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थी ननग्रेडिङ हुने व्यवस्थाअनुसार यसपटक एसईईको नतिजा सार्वजनिक गरिएको हो। विद्यार्थीहरूले यसपटक नयाँ पाठ्यक्रमको पहिलो एसईई परीक्षा दिएका हुन्। अर्कोतर्फ 'लेटर ग्रेडिङ निर्देशिका-२०७८' को व्यवस्थाअनुसार नतिजा प्रकाशित गरियो। सो निर्देशिकाअनुसार हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ। साथै प्रत्येक विषयमा ७५ पूर्णांकको लिखित परीक्षा सञ्चालन भएको थियो। जसमा विद्यार्थीले न्यूनतम २७ अंक ल्याउनुपर्ने थियो । यस्तै, आन्तरिक २५ पूर्णांकमा कम्तीमा १० अंक प्राप्त गर्नुपर्ने व्यवस्था छ।

» बाँकी पृष्ठ ६

पतंजलि योगपीठ नेपालको हार्दिक अनुरोध

**पतंजलि योगपीठ नेपाल को विषयमा विगत दिनहरुमा विभिन्न समाचार, संचार माध्यमहरू तथा सामाजिक संजालहरुमा भ्रामक खबर आईरहेको हुंदा, जसको सन्दर्भमा संस्थाको तर्फबाट नेपाल सरकार, आम नेपाली नागरिक, सम्बद्ध सम्पूर्ण महानुभाव, योगप्रेमी, योग साधक, संचार जगत् तथा सम्पूर्ण सरोकार निकायहरुलाई निम्न जानकारी दिन चाहन्छौं :**

1. पतंजलि योगपीठ नेपाल (साविक नाम पतंजलि योगपीठ तथा आयुर्वेद कम्पनी) २०६४।०६।२० गते कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपालमा "गरौं योग, रहौं निरोग" को नाराले विभिन्न जाति, धर्म, संस्कृति, वर्ण, लिङ्ग, क्षेत्र तथा विभिन्न सम्प्रदायका सवै नागरिकहरुलाई एकतावद्ध गरी राष्ट्रमा सद्भाव, धार्मिक सहिष्णुता, आपसी सामञ्जस्य कायम गरि रहेको छ।
2. यस संस्थाले नेपालको प्रचलित ऐन, कानून, नियम नीतिहरूको अक्षरश: पालना गर्दै आफ्ना कार्यक्रमहरु संचालन गरिरहेको छ र भविष्यमा पनि गर्ने छ ।
3. यस संस्थाले साविक काभ्रे जिल्ला साँगा गाविसमा हदबन्दी छुटबाट खरिद गरिएका जग्गाहरु बिक्रीगर्दा नेपाल सरकारको नीति, नियम र निर्देशनको अधिनमा रही नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६६।१२।०६ को निर्णयबाट प्राप्त भएको निर्देशनको अधिनमा रही गरिएको हो।
4. बिक्री गरेको जग्गाबाट प्राप्त रकम र सो रकममा थप लगानी गरी नेपालका विभिन्न स्थानमा विभिन्न कार्यक्रम संचालनको लागि जग्गाहरु खरिद गरी, भौतिक संरचना निर्माण गरेको तथा नेपालका करिब ६ हजार स्थानमा नियमित नि:शुल्क योग शिविर संचालन गर्दै आईरहेको छ।
5. "समृद्ध नेपाल: सुखी नेपाली"को मर्मलाई आत्मसात गर्दै, स्वस्थ्य, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण हेतु काभ्रे जिल्ला धुलिखेल न.पा.०३ मा पतंजलि आयुर्वेद मेडिकल कलेज एण्ड रिसर्च सेन्टर स्थापना गरी आयुर्वेद स्नातक (BAMS) संचालन तथा गुणस्तरीय स्वास्थ्य सेवामा समग्र स्वास्थ्य प्रणालीको अत्याधुनिक र उच्चतम प्रविधिको प्रयोगका साथै सुविधा सम्पन्न विशिष्टिकृत सेवा प्रदान गर्ने आयुर्वेद शिक्षण अस्पताल, (पचंकर्म सेवा, प्राकृतिक चिकित्सा, Wellness Centre सेवा, विशेषज्ञ सेवा, गरीबहरुलाई नि:शुल्क र अन्यहरुलाई न्यून शुल्कमा सेवा प्रदान गर्दै आईरहेको छ।
6. संस्थाले आगामी दिनमा नेपालमा **'मेरो स्वास्थ्य मेरो जिम्मेवारी'** कार्यक्रमका साथ समतामूलक तथा समावेशी स्वास्थ्य प्रवर्धनका लागि पोखरा, पाल्पा, चितवन,स्याङ्जा लगायतका जिल्लाहरुमा आयुर्वेद, प्राकृतिक चिकित्सा सहितको Wellness Centre स्थापना गर्दै स्वास्थ्य पर्यटन प्रवर्द्धनका लागि आधार तयार गर्ने, कृषिमा आधुनिकीकरण तथा यान्त्रिकिकरण गरी अर्गानिक कृषी उत्पादनलाई बढावा दिँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको लागि कृषि अनुसन्धान केन्द्र खोल्ने तैयारी गरिरहेको छ, साथै सरकार तथा अन्य साझेदार-निकायहरुको सहकार्यमा नेपालको उच्च र दिगो आर्थिक वृद्धिका लागि जडिबुटि संरक्षण, उत्पादन तथा प्रशोधन, स्वास्थ्य, शिक्षा, कृषिमा नवप्रवर्तन र उद्यमशीलताको विकास गरी युवाहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा, सीप प्रदान गरी स्वरोजगार तथा आत्मनिर्भर बनाई मानव पूँजी विदेश पलायन हुनबाट रोक्ने, मौलिक संस्कृति, गुरुकुल शिक्षा र परम्पराको जर्गेना गर्नको लागि विभिन्न स्थानमा गुरुकुल स्थापना गरी संचालन हेतु पूर्वाधार निमार्णको तैयारी निरंतर रूपमा गरिरहेको छ।
7. संस्थाले देशका युवाहरुलाई स्वस्थ्य, शिक्षित र सीपयुक्त, सबल, दक्ष, स्वावलम्बी तथा राष्ट्रप्रति समर्पित बनाउनका लागि योग, ध्यान, तथा स्वरक्षा तालिम सहितका नि:शुल्क आवासीय योग शिविरहरु तथा तालिमहरुको साथै आज सम्म १ लाख भन्दा बढ़ी योग शिक्षकहरू तैयार गरी, ६ हजार भन्दा बढ़ी स्थानहरुमा नियमित नि:शुल्क योग साधना केंद्रहरूको संचालन गरिरहेको छ।
8. संस्थाले नेपालमा अहिले सम्मका समस्त लगानी सदैव नेपाली नागरिकहरुको हितमा रहोस् भन्ने धारणाले नेपाल र नेपालीहरूका लागि पूज्य स्वामी रामदेवज्यू र श्रद्धेय आचार्य बालकृष्णज्यूको नेपालको प्रति माया, सद्भाव र सेवाभावलाई दृढताको साथ आत्मसात् र आत्मबोध गर्दै नेपालमा अरु धेरै लगानी भित्राउन र नेपालीहरुको सामाजिक, आर्थिक, साँस्कृतिक जीवनमा दिगो आर्थिक विकासका लागि थप सेवा पुर्याऊन, सबै सम्बद्ध निकायहरुलाइ, दबाव, प्रभाव र आग्रहबाट मुक्त हुँदै सहयोगको आशा छ ।
9. नेपाल र नेपालीहरुमा आइ परेका विभिन्न प्राकृतिक विपत्ति र संकटहरूमा पतंजलि योगपीठले सदैव उच्च मनोबलका साथ उद्धार र राहत कार्यमा खटिएको छ; यथा नेपालमा वि.सं. २०७२ सालमा आएको विनाशकारी भुकम्पमा करिब ३५ जिल्लामा खाद्यान्न, लत्ता-कपडा, औषधि, लगायतका अत्यावश्यक सामाग्रीहरु (करीब ३००-४०० ट्रक) सामान वितरणका साथै देशका करिब २५ जिल्लाका ५०० स्थानमा १ महिना सम्म नि:शुल्क भोजनको र १८४ ठाउँमा अस्थायी निवासको व्यवस्था, बुवा-आमा गुमाएर अनाथ भएका बेसहारा करिब १०० जना बालबालिकाहरुलाई नि:शुल्क गाँस बास कपासको व्यवस्था, सहित कक्षा १० सम्मको औपचारिक शिक्षा, योग र गुरुकुल शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ। वि.सं. २०८० कार्तिकको जाजरकोट भुकम्प पीडितहरुका लागि संस्थाले (करीब ८ ट्रक) अत्यावश्यक खाद्यान्न, लत्ता-कपडा र अन्य सुरक्षाका सामानहरु नि:शुल्क वितरण गरेको थियो। भविष्यमा पनि भैपरि आउने आपद-विपद, महामारी इत्यादिहरूको उचित व्यवस्थापन हेतु नेपाल सरकारसंग विचार-विमर्श, समन्वय गर्दै विस्तृत रूपमा विभिन्न सेवाकार्यहरू संचालन गर्ने संकल्प छ।

अन्त्यमा,

नेपालमा पतंजलि योगपीठले अहिले सम्म सफलतापूर्वक गरेका सामाजिक, आर्थिक, विकासमूलक र सेवामूलक इत्यादि कार्यहरूको प्रभाव तथा भविष्यमा गरिने कार्यहरुको रूपरेखा दृष्टिगत गर्दै नेपाल सरकारसंग "**समृद्ध नेपाल : सुखी नेपालीको**" राष्ट्रीय लक्ष्य प्राप्तिको लागि महत्वपूर्ण भूमिकाको निरन्तरताको लागि सम्पूर्ण योग शिक्षक, योग साधक, पतंजलि योगपीठ नेपालका सदस्य ज्यूहरु, कर्मचारीहरु, तथा आम शुभचिन्तकहरुलाई नियमित रुपमा योग प्रशिक्षण, सामाजिक सेवा र नागरिक सेवामा अनवरत रुपमा लागिरहनु हुन हार्दिक अनुरोध गर्दछौं।

धन्यवाद ।

मिति २०८१।०३।१४

**निवेदक : पतंजलि योग पीठ नेपाल परिवार**